# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

पत्र संख्या: २०७९/०८० (रोजगार शाखा)

चलानी नं. 2234

कोशी . प्रदेश, नेपाल


मिति :- २०८० -०१ -१२

## व्यक्तिगत श्रम स्वीकृती तथा पुन :श्रम स्वीकृती सम्वन्धी सूचना।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९।१२।१६ को निर्णयानुसार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ३९० मिति २०७९।१२।१९ को पत्रानुसार वैदेशिक रोजगारीलाई थप व्यवस्थित,मर्यादित ,सुरक्षित,पारदर्शी तथा सहज वनाउन तथा सेवाग्राहीलाई सहजरुपले सेवा प्रदान गर्ने उद्येश्य अनुरुप वैदेशिक रोजगारी सम्वन्धी सूचना र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृती तथा पुनःश्रम स्वीकृती सम्बन्धी अनलाइन आवेदन गर्ने कार्य यस गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**व्यक्तिगत श्रम स्वीकृतिका लागि आवश्यक कागजातहरु**

- राहदानीको प्रतिलिपि
- सम्वन्धित मुलुकको नेपाली राजदुतावास वा कन्सुलरवाट प्रमाणित सम्झौता पत्र र सम्वन्धित देशको भिसाको प्रमाणित प्रतिलिपि
- स्वघोषणा पत्र
- इमेल, चेकको छाया प्रति, पासपोर्ट साइजको फोटो, बीमाको कागजात

**पुन:श्रम स्वीकृतीका लागि आवश्यक कागजातहरु**

- राहदानीको प्रतिलिपि
- भिसाको प्रमाणित प्रतिलिपि
- दुतावासवाट प्रमाणित सम्झौता पत्रको प्रतिलिपि
- पुरानो श्रम स्वीकृतीको प्रतिलिपि
- सम्वन्धित मुलुकको परिचयपत्र
- इमेल, चेकको छाया प्रति, पासपोर्ट साइजको फोटो, बीमाको कागजात

नोट :कामको प्रकृति र मुलुक अनुसार केही कागजात थपघट हुन सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री वडा कार्यलय सवै :जानकारीको लागि वडा स्तरमा सूचना प्रकाशन गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा :गापाको वेबसाइटमा अपलोड गरिदिनुहुन ।